गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

फोन नं. :०९१-४१८०५१,
४१८०६०
वेबसाइट:www.gaurigangamun.gov.

पत्र सङ्ख्या : २०८०/०८१
चलानी नं. :

## चमेनागृह(canteen) संचालन ठेक्का सम्वन्धी
## सूचना प्रकाशन मिति : २०८०/०७/०३

यस गौरीगङ्गा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरु लाई गुणस्तरिय खाजा व्यवस्थापनका लागि यस नगरपालिका परिसर भित्र चमेनागृह (canteen) संचालन गर्नु पर्ने आवश्यकता भएको देखिन्छ। चमेनागृह (canteen) संचालन सम्वन्धी मिति २०८०/०४/२३ गते गौरीगंगा नगरपालिका कार्यपालिकाको निर्णय बमोजिम प्रति महिना न्यूनतम रु.१०,०००/- (दश हजार) का दरले कबोल अंङ्क राखि प्रत्येक वर्ष सम्झौता भएको रकममा १०% प्रतिशत वृद्धि हुने गरी ५ वर्षका लागि बढावढमा ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय भएको हुँदा इच्छुक व्यवसायीले यस नगरपालिकामा तोकिएको म्याद भित्र खामबन्दी गरी दरभाउ पत्र पेश गर्न हुन १५ दिने सूचना प्रकासित गरिएको छ ।

<u>ठेक्का सम्बन्धी शर्तहरु</u>

१. दरभाउपत्र दाताले खामबन्दी भित्र चमेनागृहमा(canteen) बनाउने खाजाका परिकारहरुको नाम र सो परिकारको दर रेट समेत उल्लेख गर्नु पर्नेछ ।

२. कबोल रकम अंक र अक्षरमा प्रष्ट गरी तोकिएको हुनु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकालाइ मान्यता दिइने छ ।

३.सम्झौता गर्दा बखत न्यूनतम १ वर्षको धरौटी रकम रु.१,२०,०००/- (एक लाख बिस हजार) नगरपालिकाको धरौटी खाता नं.७१CA५००९८२५२४००४ जम्मा गर्नु पर्नेछ ।

४.दरभाउ पत्र सम्वन्धि कागजात रु.१०००/- राजश्व शाखामा बुझाई खरिद गर्न सकिनेछ ।

५. यस शर्तमा उल्लेख नभएका कुराहरु गौरीगंगा नगरपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यबिधि, २०८० र प्रचलित ऐन कानुन बमोजिम हुनेछ

२०८०.०७.०३
........................
हरीश पन्त
उप-सचिव
गौरीगङ्गा नगरपालिका

गौरीगङ्गा नगरपालिका
# कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

फोन नं. :०९१-४१८०५९, ४१८०६०
वेवसाइट:www.gaurigangamun.gov.

पत्र सङ्ख्या : २०८०/०८१
चलानी न. :

दरभाउपत्र पेश गर्ने नमुना

| सि.न | बिवरण अथवा कार्यक्रमको नाम | न्यूनतम मासिक रकम | कबोल अंङ्क मासिक रकम | न्यूनतम धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | चमेनागृह संचालन | १०,०००/- | | १,२०,०००/- | |

2080.07.03
उपसचिव
गौरीगङ्गा नगरपालिका